# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-३४,जेष्ठ, २०७०


## भित्र


उदय सामाजिक परिवारको वार्षिक उत्सव सम्पन्न ..............२

लेखा तालिम सम्पन्न................३

सीप र प्रविधिको जानकारी ......३

सामाजिक परिवारहरूले मनाए अन्तराष्ट्रिय महिला दिवस ......३

समग्रको १७ औं वार्षिककोत्सव ........................................................४



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४९९६४९, इमेल:

info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org


## कार्यकर्ता क्षमता अभिवृद्धि कार्यशाला सम्पन्न :

समग्रका फिल्डदेखि केन्द्रीय कार्यालयसम्मका कर्मचारीहरूलाई पुनर्ताजगि गराउने उद्देश्यले आयोजना गरिएको कार्यकर्ता क्षमता अभिवृद्धि कार्यशाला काठमाडौंमा सम्पन्न भयो । कार्यशालाको उद्घाटन समग्रका अध्यक्ष कञ्चन लामा र पूर्व अध्यक्ष वालकृष्ण लाल जोशीले संयुक्तरुपमा पानसमा वत्ती वालेर गर्नुभयो । उद्घाटन कार्यक्रममा कार्यकारी निर्देशक डोरनाथ न्यौपानेले सहभागीहरूलाई स्वागत गर्नुहुदै उत्तर हिमालदेखि दक्षिण भारतको सिमाक्षेत्रसम्मका विभिन्न कार्यकर्ताहरू यस कार्यशालामा सहभागि भएकोले यो आफैमा महत्वपूर्ण क्षण हो, यस कार्यशालालाई प्रभावकारी बनाउन सबैले सक्रियरुपमा सहभागि भै वढी भन्दा वढी सिक्ने वातावरण तयार गर्नु पर्दछ भन्नुभयो । कार्यशालामा गोरखा, धादिङ, लमजुङ, सिरहा, सप्तरी, उदयपुर, महोत्तरी र काठमाडौंका गरी ३५ जना सहभागि थिए ।

यस कार्यशालालाई डा.राजु अधिकारी, डानिडा ह्यूगोका मानव अधिकार सल्लाहकार मुकुन्द कट्टेल, वरिष्ट पत्रकार कृष्ण मुरारी भण्डारी, महासचिव सूर्य प्रसाद नेपाल, यादव चापागाइँ, कार्यक्रम व्यवस्थापक प्रेमराज ढुंगेल लगाएतले सहजीकरण गर्नुभएको थियो । डा. राजु अधिकारीले शरीरलाई भौतिक तथा मानसिकरुपमा कसरी तन्दुरुस्त राख्ने, तनाव के हो र यसलाई कसरी व्यवस्थापम गर्ने, शारिरीक व्यायाम, योगाको महत्व र अभ्यास, खानपीन व्यवस्थापन लगायत विषयमा सहभागिहरूलाई विभिन्न मनोरञ्जन सहित प्रशिक्षित गर्नुभयो । त्यसैगरी मुकुन्द कट्टेलले मानवअधिकार के हो, यसको रक्षा कसरी हुन्छ, यसको पृष्ठभूमिदेखि लिएर सामाजिक आन्दोलन, हाम्रो आन्दोन र व्यवहारीकरुपमा मानवअधिकारलाई कसरी उतार्नेसम्मका विषयवस्तुहरूमा प्रशिक्षण दिनुभयो । त्यसैगरी कृष्ण मुरारी भण्डारी र सूर्य प्रसाद नेपालले शक्ति विश्लेषण, सामाजिक परिचालन विषयमा सहजीकरण गर्नुभयो भने यादव चापागाइँले कार्यक्रमको अनुगमन र मूल्याँकन संवन्धमा प्रकाश पार्नुभयो ।



प्रेमराज ढुंगेलले समग्रले सञ्चालन गर्दै आइरहेको सशक्तिकरण कार्यक्रम, स्थानीय गतिविधि र प्रभाव तथा भावी कार्यक्रम सञ्चालन संवन्धमा सहजीकरण गर्नुभयो । यस कार्यशालाबाट आ-आफ्नो क्षमता अभिवृद्धिमा थप वल पुगेको र काम गर्ने शैली तौर तरीकाहरूमा आफै निखारपन आएको सहभागिहरूले वताए । उनीहरूका अनुसार काम गर्ने सिलसिलामा अझै जोश र जागर वढाएको छ यस कार्यशालाले ।



कार्यशालाको अन्त्यमा समग्रको अभियानले गर्दा स्थानीय स्तरमा आएको परिवर्तनलाई सहभागि कार्यकर्ताहरूले यस्तो निचोड निकाले: निर्णय प्रक्रिया र नेतृत्वमा पहुँच वढेको छ, कार्यकर्ताहरूको क्षमता अभिवृद्धि भई सशक्त भएका छन्, उनीहरूको आत्मविश्वास वढेको छ । सामुहिक तथा व्यक्तिगत सरसफाईमा सुधार आएको छ । व्यक्तिगत घटना दर्ता गर्ने कार्यमा तिव्रता आएको छ । आयआर्जन तथा पुर्वाधार निर्माणमा सहयोग पुगेको छ । धुम्रपान तथा मद्यपान सेवनमा कमी आएको छ । जातिय विभेद तथा लैगिक विभेदमा कमी आएको छ । आपसी मेलमिलाप, सहिष्णुता वढेको छ । समग्रको तालिमपछि लमजुङकी उन्नतिशील सापकी सुनिता पन्तले छोरासंग एस.एल.सी. दिएर पास गरिन । अधिकार माग्ने, अभियान गर्ने कार्यमा वृद्धि भएको छ । सरकारी तथा सेवादायी निकायहरू सरोकारवाला प्रति उत्तरदायी भएका छन् ।

## उदय सामाजिक परिवारको वार्षिक उत्सव सम्पन्न :

उदयपुर जिल्लाको त्रिवेणी गाविसमा सञ्चालन भैरहेको उदय सामाजिक परिवारको बार्षिक उत्सव सापका अध्यक्ष समर बहादुर माझीको अध्यक्षतामा सम्पन्न भयो । श्री पशुपति प्राविमा आयोजित कार्यक्रममा उदय सापका कोषाध्यक्ष जित बहादुर कार्कीले स्वागत गर्दै सामाजिक परिवारले गरेका कामहरूको वारेमा प्रकाश पारे । २०५२ साल फागुन २० गते पशुपति आयआर्जन समितिको नामले गठन भएको सो साप २०६३ सालमा उदय सामाजिक परिवारमा रुपान्तरण भएको हो । एकलाई पर्दा अरुले सघाउने चलन छ, पहिलेदेखि हालसम्म छँदैछ । नियमीत मासिक बैठक, नियमीत वचत संकलन, बचत परिचालन गरी आयआर्जनका कार्यहरू सञ्चालन, सामुहिक वगैचा व्यवस्थापन र फलफूल खेती गरी सापको कोष वृद्धि जस्ता रचनात्मक कार्यहरू सापले सञ्चालन गर्दै आइरहेको अध्यक्ष समरवहादुर माझी वताउँछन् । उनी भन्छन्: साप कोषबाट ऋण लिएर खुद्रा पसल सञ्चालन, वाखापालन, तरकारी खेती जस्ता आयआर्जनका कार्यहरू साप सदस्यहरूबाट भैरहेको छ । समग्र मार्फत विभिन्न किसिमका चेतनामुलक कार्यक्रमहरू सञ्चालन हुदै आएको छ, मानवअधिकार सम्वन्धी तालिम, स्थानीय स्तरबाट पाउने सेवा सुविधाको वारेमा थाहा पनि थाहा पाएका छौ । पहिले बोल्ने अवस्थासम्म थिएन । अहिले आफनो कुरा अरुको सामु नडराई राख्न सक्षम भएका छौं । व्यक्तिगत घटना दर्ता गर्ने, नागरिकता वनाउने, वालवालिकाहरूलाई विद्यालय पठाउने, गाउँघरमा हुने सानातिना झैझगडा मिलाउने काम गर्दै आएका छौं । वार्षिक उत्सवको अवसरमा सांस्कृतिक कार्यक्रम को पनि आयोजना गरी सापले मनोरञ्जन गरेका थिए । क्षेत्रीय संयोजक दुर्गा प्रसाद महतोले सापको उत्तरोत्तर प्रगतिको कामना सहित शुभ कामना व्यक्त गरेका थिए ।



## लेखा तालिम सम्पन्न :

सामाजिक परिवारहरूले सञ्चालन गर्दै आइरहेको वचत परिचालन तथा आर्थिक कारोवारलाई चुस्त दुरुस्त राख्न भरिने



पासवुक, लेजर भर्ने, अभिलेख तथा अन्य कारोवारीय हरहिसाव राख्ने सीप वृद्धिका लागि विभिन्न जिल्ला र स्थानहरूमा लेखा तालिम सम्पन्न भएका छन्। सिरहा, सप्तरी, उदयपुर, धनुषा र महोत्तरीका कर्मचारीहरूलाई लहानमा २ दिने लेखा तालिमको आयोजना भयो। लेखा अधिकृत भूवनेश्वर सिंहले उनीहरूलाई आ-आफ्नो जिल्लाका साप तहमा गएर सिकाउन सक्ने गरी सैद्धान्तिक तथा व्यवहारीक सीप संवन्धि प्रशिक्षण दिए।

तालिम पाएपछि फिल्ड कार्यकर्ताहरूबाट साप स्तरमा सो तालिमहरूको आयोजना भयो। सिरहाको कर्जना गाविसका सरस्वती, बेलपत्र जनसेवा तथा बडहरामालका मनकामना र शिवपार्वती सामाजिक परिवारको सहभागितामा कर्जनाहामा लेखा तालिम सम्पन्न भयो। त्यसैगरी सप्तरीको हर्दिया र पिप्रा गा.वि.स का सामाजिक परिवारहरूका लागि पिप्रा पश्चिममा सो तालिम सम्पन्न भयो। महोतरी जिल्लाको गौशलामा सञ्चालन भएको लेखा व्यवस्थापन तालिममा ६ वटा सामाजिक परिवारका प्रतिनीधिहरूको सहभागिता थियो। यी तालिमबाट सापका प्रतिनीधिहरूले आफूले जम्मा गरेको रकमको पासवुक भर्न, लेजर भर्न, अभिलेख राख्न र आफ्नो सापको हरहिसाव राख्न सक्ने भएका छन्। ●

## सीप र प्रविधिको जानकारी :

धादिङ्ग जिल्लाको दक्षिण भेगमा रहेको तसर्पु गाविस वडा नं.९ स्थीत दामेचौरमा हालै २ दिने वेमौसमी व्यवसायिक तरकारी खेती तालिम सम्पन्न भयो। एक्सन नेपालको सहयोग र स्थानीय सामाजिक परिवारहरूको व्यवस्थापनमा सो तालिम सम्पन्न भएको हो। तालिमा तसर्पु गाविसमा रहेका कालिका, रक्तकालिका, शिव शंकर, चन्द्रज्योती, सयपत्री, चक्रदेवी, लाली गुराँश, सूर्यमुखी, सुर्योदय र मिलिजुली गरी १० वटा सामाजिक परिवारहरूको २१ जना सहभागि भए। तालिममा बीउको छनौट, नर्सरी व्याड राख्ने तरिका, नर्सरीको हेरचाह, रोप्नी तरिका, गोडमेल, मलजल तथा संरक्षण लगायतका विषयमा एक्सन नेपालका कृषि प्राविधिकहरू हरि प्रसाद तिवारी र शेषमणी पन्तले सहजीकरण गरेका थिए। यस तालिम बाट व्यवसायीकरुपमा तरकारी खेती गर्न सजिलो हुने तालिमका सहभागिहरूले वताए। ●

## सामाजिक परिवारहरुले मनाए अन्तर्राष्ट्रिय महिला दिवस

उदयपुरः त्रिवेणी नगरपालिका, लालपतामा रहेको ज्योती र लालिगुराँस सामाजिक परिवारले संयुक्त रुपमा र्‍याली र सांस्किृत कार्यक्रम गरि १०३ औ अन्तराष्ट्रिय नारी दिवस मनाए। लालीगुराँस सापकी सचिव गंगा रस्तेलले संचालन गर्नु भएको उक्त कार्यक्रममा ज्योती सापकी सचिव योग माया राउतले नारी दिवसको सन्दर्भ समेटी कार्यपत्र प्रस्तुत गरेका थिए। महिलाहरू घरेलु हिंसाबाट, हुने घटनाहरू बोक्सीको आरोप, दहेज प्रथा, पुरुषहरूबाट हुने घरेलु हिंसा आदिको वारेमा चर्चा गरिएको कार्यपत्र मार्मिक र यथार्य थियो। महिला माथि हुने विभिन्न सामाजिक हिंसालाई सहेर वस्न नहुने र यसको लागि तुरुन्त सामाजिक परिवारको पहलमा कानुनी बाटो खोजिने कुरामा सहभागिहरूले प्रतिवद्धता जनाए।



सप्तरीः हर्दिया, पिप्रा प. र दौलतपुरका सामाजिक परिवारका सदस्यहरूले संयुक्तरुपमा १०३ औं नारी दिवस मनाए। कार्यक्रममा महिलाहरूले समाजमा घरेलु हिंसाबाट पिडित महिलाहरूको न्यायको लागि सवै महिला तथा अधिकारकर्मी एक हुनु पर्ने कुरामा सहमति जनाए। भेडिया वजार परिक्रमा गरि समाजमा, वोक्सीको आरोप, दाइजो प्रथाको अन्त गर्नु पर्दछ भन्ने नारा लगाउदै नि.मा.वि. विद्यालयको प्राँगंगमा सभामा परिणत भई कार्यक्रम सञ्चालन भयो। नारी दिवसको उपलक्ष्यमा महिला हिंसा सम्वन्धी कविता, गजल, सांगितिक कार्यक्रमको आयोजन समेत भएको थियो।

यसैगरी सिरहा, गोरखा, धादिङ्ग, लमजुङ्ग, धनुषा र महोत्तरी जिल्लाका सापहरूले स्वस्फूर्तरुपमा विभिन्न कार्यक्रमहरूको आयोजनागरी अन्तराष्ट्रिय नारी दिवस मनाए। ●

# समग्रको १७ औं वार्षिकोत्सव

१७ औं वार्षिक दिवस समग्र कृयासिल भएको जिल्लाहरूमा ग्रामीण भेगमा आफ्नै प्रयासमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका सामाजिक परिवारका सदस्यहरू विच पुगेर कार्यक्रमको आयोजना गरी संगै **समग्र दिवस** मनाउने केन्द्रीय नीति अनुसार कार्यकारी निर्देशक डोरनाथ न्यौपाने धादिङ, कार्यक्रम व्यवस्थापक प्रेमराज ढुंगेल गोरखा तथा कार्यक्रम अधिकृत अमर अधिकारी लमजुङमा आयोजना भएको कार्यक्रममा सहभागि हुनुभयो ।

**धादिङ्ग** :- तसर्पुको दामेचौरमा दुईदिने बेमौसमी तरकारी खेती सम्वन्धि कृषि प्राविधिकहरूद्वारा उपलब्ध गराइएको प्रयोगात्मक तालिम सम्पन्न भयो। तसर्पुका १० र थाक्रेका ३ वटा सामाजिक परिवारहरूका प्रतिनीधिहरू, स्थानीय शिक्षक, वुद्विजीवी सहित तालिममा सहभागिहरूका माझ थाक्रे कालिका सापको अध्यक्ष रहीमाया चेपाङ्गको अध्यक्षतामा एक सभाको आयोजना गरी समग्र दिवस मनाइयो ।



वरिष्ठ पत्राकार तथा कार्यक्रमका प्रमुख अतिथि कृष्ण मुरारीभण्डारी, स्थानीय वुद्विजीवी सन्त वहादुर तामाङ लगायतबाट १८ वटा मैन वत्ती प्रज्ज्वलित गर्दै कार्यक्रम शुरु भएको थियो । कार्यकारी निर्देशक डोरनाथ न्यौपाने गाउँघरका सामाजिक परिवारसंग बसेर उहाँहरूको अनुभव उपलब्धीबाट सिक्दै वार्षिक उत्सव मनाउन पाएकोमा सवैलाई धन्यवाद दिनुभयो । उहाँले प्रेम सागर फाउण्डेशनद्वारा सञ्चालित जनभोजनका व्यवस्थापक भोला राउत लगायत स्वयंसेवकहरूबाट पाएको आतिथ्यता र सहयोगको पनि सराहना गर्नुभयो ।

**लमजुङ्ग:-** घनपोखरा गाविसको श्री त्रिभुवन माविको प्राङ्गणमा आयोजित हाजिरी जवाफ प्रतियोगिता तथा अन्तरक्रिया कार्यक्रममा लालीगुराँस सापका अध्यक्ष सुकमान विक को सभापतित्वमा सम्पन भएको सभाको प्रमुख अतिथि खुदी स्रोतकेन्द्रका स्रोतव्यक्ति ऋषिराम श्रेष्ठको र अतिथिहरूमा समग्रका कार्यक्रम अधिकृत अमर अधिकारी, त्रिभुवन मावि प्रअ भिष्मकान्त कुईकेल, रेडियो चौतारी लमजुङ्गका कार्यक्रम संयोजक तथा पत्रकार किसान संगीत, त्रि-शक्ति महिला सञ्जालको अध्यक्ष भुवनेश्वरी भण्डारी लगायतले आफ्ना अनुभव राख्नुभयो । साथै हाजिरी जवाफ प्रतियोगितामा कालिका माई साप सिम्पानीले प्रथम, श्रीदेवी साप सिम्पानीले द्वितीय, कोटकालिका साप सिम्पानीले तृतीय र लालीगुराँश साप घनपोखराले सान्त्वना पुरस्कार पाएका थिए । समारोहमा सापहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । समग्रका उत्प्रेरक मिरा भण्डारीले स्वागत गरेकि थिइन् भने जिल्ला संयोजक रुद्र कोइरालाले कार्यक्रम सञ्चालन गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि र अतिथिहरूले शुभकामना दिनुभयो आउँदा बर्षहरुमा समग्रको उत्तरउत्तर प्रगतिको लागि ।

**गोरखा:-** खोप्लाङमा अन्तरक्रिया र सांस्कृतिक कार्यक्रम सम्पन्न भयो। समग्रका कार्यक्रम व्यवस्थापक प्रेमराज ढुंगेलको प्रमुख आथित्यतामा सम्पन्न सो कार्यक्रमको अध्यक्षता अन्नपूर्ण सापको अध्यक्ष मन्सुरी तामाङले गरिन् । कार्यक्रममा गोरखा नपा, वक्राङ, खोप्लाङ, आपपिपल, मिरकोट, छोप्राकका साप प्रतिनीधिहरू, नागरिक सचेतना केन्द्रका प्रतिनीधिहरू सहित १५० जना भन्दा वढीको सहभागिता थियो । कार्यक्रममा समग्रको विगतदेखि हाल सम्मको गतिविधिको समिक्षा, विभिन्न सचेतनामूलक गीत र नाच तथा साप मार्फत भएका सशक्तिकरण र सकारात्मक परिवर्तन वारेमा विभिन्न प्रस्तुति भयो। उक्त गाविसमा कार्यरत समग्रका स्वयमंसेवक कर्मचारीहरु उपस्थित थिए।

**सप्तरी:-** टिकुलिया गाविसमा सशक्तिकरण र स्थानीय नेतृत्व विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । सीताराम सापका अध्यक्ष वद्री मण्डलको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा क्षेत्रीय संयोजक दुर्गा प्रसाद महतो सहित समग्रका स्थानीय कर्मचारीहरू र सापहरूको सहभागिता थियो ।

**सिरहा:-** सीतापुरमा अन्तरक्रिया सहित सांस्कृतिक कार्यक्रम सम्पन्न भयो। मिलन सामाजिक परिवारका सचिव राम दासको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मिलन, श्रीराम, जनचेतना, दुर्गा, जयराम, दलित उत्थान लगायत स्थानीयवासीन्दाहरूको सहभागीता रहेको थियो । सामाजिक परिवारका सदस्यहरूले नाचगान गरी आफ्नो संस्कृतिबाट सहभागिहरूलाई मनोरञ्जन प्रदान गरे । सोही अवसरमा वैशाख २८ गते साँझ केन्द्रीय कार्यालय काठमाडौंमा दिपावली गरिएको थियो ।

